# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।२५ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

कञ्चनपुर, बेलडाँडी गाउँपालिकाका -२ बस्ने शान्ति नाथले बेलडाँडी गाउँपालिका वडा नं. २ स्थित कित्ता नं. ३५७ क्षेत्रफल ४०० बर्ग मिटर जग्गामा हुँदै नभएको घर छ भनी नक्सा तयार गरी जग्गा/घर धितोमा राखी लक्ष्मी सनराईज बैंकबाट ऋण लिएको, उक्त कार्य गर्नका लागि जग्गाधनी, प्रमुख प्रशासकीय अधिकृतसमेतका कर्मचारीहरुले मिलोमतो गरी भ्रष्टाचार गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा कञ्चनपुर जिल्ला, बेलडाँडी गाउँपालिका, वडा नं. २ बस्ने शान्ती नाथले आफ्नो जेथाले खाम्ने भन्दा अत्यधीक बढी बैंकबाट ऋण लिने वदनियतले घर भवन नभएको जग्गामा घर भवन छ भन्ने झुट्टा नक्सा तयार पारी निजको नाउँमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, साविक बेलडाँडी -८ मा रहेको कित्ता नं. ३५७ मा घर रहेकोले घर अभिलेखीकरणका लागि सेती कन्सल्टेन्सी प्रा.लि.ले तयार गरेको घरको नक्सासहित बेलडाँडी गाउँपालिकामा निवेदन दिएको, बेलडाँडी गाउँपालिकाको घरनक्सा पास/अभिलेखीकरण सम्बन्धी कुनै पनि मापदण्ड/कानून निर्माणसमेत नरहेको अवस्थामा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत पदम राज जोशीले उक्त कित्ता नं. ३५७ क्षेत्रफल ४०० बर्गमिटर जग्गामा बनेको पक्की भवनको **ग्राउण्ड फ्लोरको क्षेत्रफल ६९१.१३ ब.फि. भवनको १ सटर ३ कोठा १ गेलरी र सिडी, पहिलो तला सोही नापको भवनमा ३ कोठा १ गेलरी र १ सिढी र दोश्रो तलाको सोही नापको भवनमा १ किचन र १ सिढी**सहित बनेको पक्की भवनको नक्सा अभिलेखीकरण/घर नक्सा प्रमाणित गरी हुँदै नभएको उल्लिखित झुट्टा तथ्य विवरण उल्लेख गरी गलत कागजात तयार पारेको देखिएको।

बेलडाँडी गाउँपालिकाबाट प्रमाणित गरिएको नक्सा अभिलेखीकरण/घर प्रमाणितका आधारमा जग्गाधनी शान्ती नाथले लक्ष्मी सनराईज बैंक, कञ्चनपुर शाखाबाट मिति २०७८।१२।१० गते रु.२३,७५,०००।- र मिति २०७९।६।१३ गते रु.१०,००,०००।- गरी जम्मा रु.३३,७५,०००।- ऋण लिएको देखिंदा आयोगबाट खटिएको टोलीले स्थलगत रुपमा उपस्थित भई तयार पारेको मुचुल्कामा जिल्ला कञ्चनपुर, हाल बेलडाँडी गाउँपालिका, वडा नं. २ साविक बेलडाँडी गा.वि.स. वडा नं. ८ को कित्ता नं. ३५७ ज.वि. ४०० बर्गमिटरको जग्गामा कुनै पक्की घर/भौतिक संरचना निर्माण नभएको भनी किटानी रुपमा मुचुल्कामा उल्लेख भएको, नापी कार्यालय, बेलौरी, कञ्चनपुरबाट खटिएको टोलीको फिल्ड प्रतिवेदनमा समेत उल्लिखित जग्गामा शान्ती नाथको नाममा फिल्डमा कुनैपनि पक्की भौतिक संरचना निर्माण भएको नदेखिएको भनी किटानी रुपमा उल्लेख गरेको देखिएबाट प्रतिवादीहरु बेलडाँडी गाउँपालिका, कन्चनपुरका प्रमुख प्रशासकीय अधिकृत पदमराज जोशी, सव-इन्जिनियर जय कुँवर, असिस्टेन्ट सव-इन्जिनियर तेज बहादुर सुनार र जग्गाधनी शान्तीनाथ समेतले एक आपसमा मिलेमतो गरी निर्माण नै नगरेको/नभएकोमा उक्त जग्गामा घर छ भनी नक्सा अभिलेखीकरण/घर प्रमाणित गर्ने लगायतका गलत कागजात तयार पार्ने पार्न लगाउने कार्य गरी गराई

भ्रष्टाचारजन्य कार्य गरेको स्थापित भएको हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादी उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | बेलडाँडी गाउँपालिका, कन्चनपुरका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **पदमराज जोशी**, सव-इन्जिनियर **जय कुँवर** र असिस्टेन्ट सव-इन्जिनियर **तेज बहादुर सुनार** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |
| २. | कञ्चनपुर वेलडाँडी गाउँपालिका वडा नं. २ बस्ने जग्गाधनी **शान्ती नाथ** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेकोले मुख्य कसूरदारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरजन्य कार्यको सजायलाई आधार मानी त्यस्तो कसूरमा निजले सो कसूर गरेबापत नगदी, जिन्सी, वा अन्य सुविधा एवं लाभ उपलब्ध गराई दिने र आफूले समेत लिने मतियार भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक बाँक्यांश बमोजिम मूल कसूरदारहरु सरह सजाय हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी